**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय,पर्सा**

**प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालज्युले गरेको फैसला**

**मुद्दा-:क्षतिपुर्ति।**

**मि.नं.-२९५ दायर मिति-: २०८१/११/२१**

**फैसला मितिः-२०८१/१२/२५**

| वादी | प्रतिवादी |
|---|---|
| सुरेश राउत कम्करको जाहेरीलेवादी<br>नेपाल सरकार----१ | जिल्ला पर्सा सखुवाप्रसौनी गाउँपालिका वडा नं.६ एकडर्वा बस्ने हरी प्रसाद मल्लाहको छोरा वर्ष ४६ को हिरणदेव प्रसाद मल्लाह |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले हाकी चलाई प्रदेश २-०३-००६ प ९५३५ नं.को मोटरसाईकलले ठक्कर दिई करीमन राउत कम्कर गम्भिर घाईते भएकोमा निज घाईतेलाई उपचारको लागि अस्पतालतर्फ पठाईएको भन्ने व्यहोराको सुरेश राउत कम्करको जाहेरी दरखास्त ।
२. प्रतिवादीले हाकी चलाई ल्याएको प्रदेश २-०३-००६ प ९५३५ नं.को मोटरसाईकलले ठक्कर दिई करीमन राउत कम्कर गम्भिर घाईते भएकोमा निज घाईतेलाई उपचारको लागि अस्पतालतर्फ पठाईएको भन्ने घटनास्थल मुचुल्का ।
३. घाउँ जाँच केश फाराम, सडक दुर्घटना प्रतिवेदन र वीरगंज हेल्थ केयर हस्पीटलको पत्र व्यहोरा ।
४. मैले हाकी चलाई ल्याएको प्रदेश २-०३-००६ प ९५३५ नं.को मोटरसाईकलले ठक्कर दिई करीमन राउत कम्कर गम्भिर घाईते भएकोमा निज घाईतेलाई उपचारको लागि अस्पतालतर्फ पठाईएको भन्ने प्रतिवादीको बयान कागज ।
५. प्रतिवादीले हाकी चलाई ल्याएको प्रदेश २-०३-००६ प ९५३५ नं.को मोटरसाईकलले ठक्कर दिई करीमन राउत कम्कर गम्भिर घाईते भएकोमा निज घाईतेलाई उपचारको लागि अस्पतालतर्फ पठाईएको भन्ने मौकामा बुझिएका करीमन राउत कम्कर समेतको घटनाविवरण कागज
६. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
७. प्रतिवादीले यस कार्यालयमा आई गरेको साबिती बयान ।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।१०।२७ गते मेरो बुबा करीमन राउत कम्कर जरुरी कामको सिलसिलामा जिल्ला पर्सा सखुवाप्रसौनी गाउँपालिका वडा नं.५ बलुवा टोल गई काम सकी साँझतिर पैदल हिडेर पूर्वदेखी पश्चिम आफ्नो घरतर्फ फर्किने क्रममा अं.२०:३० बजे ऐ. वडा नं.६ महुवन र एकडर्वाचोक बीच अनिल साह तेलीको ईट्टा उद्योग अगाडी गण्डक नहर बाटोमा आई पुग्दा पछाडीबाटै एवं पूर्वदेखी पश्चिमतर्फ प्रतिवादी हिरणदेव सहनी मल्लाह भन्ने हिरनदेव प्रसाद मल्लाहले तिब्र गतिमा चलाई आएको प्रदेश २-०३-००६प ९५३५ नम्बरको मोटरसाईकलले मेरो बुवालाई ठक्कर दिंदा उछिटि भुई पीच सडकमा पछारिनु भई बुवाको टाउको, अनुहार, दात, हात, खुट्टा, छाती र पेट समेतका शरीरको विभिन्न अङ्गहरुमा गम्भीर चोटहरु लागि एक वटा दात भाँचेको, दाहिने खुट्टाको घुँडामुनि मासुको भाग क्षतविक्षत भई हड्डी भाँची अङ्गभङ्ग भएको हुँदा प्रतिवादी हिरणदेव सहनी मल्लाह भन्ने हिरनदेव प्रसाद मल्लाहलाई कानून बमोजिम कारबाही गरी सम्पुर्ण उपचार खर्च र क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको सुरेश राउत कम्करको जाहेरी दरखास्त भन्ने सुरेश राउत कम्करको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान र यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६२(१) बमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी हिरणदेव प्रसाद मल्लाहलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) बमोजिम घाईतेको उपचारमा भएको खर्च रु.२४०,६४१/- अक्षरेपी दुई लाख

चालिस हजार छ सय एकचालिस मात्र र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(ख) बमोजिम घा खर्च वापत रु.२५,०००/- अक्षेरेपी पच्चिस हजार मात्र गरी जम्मा रु.२६५,६४१/- अक्षेरेपी दुई लाख पैसट्ठी हजार छ सय एकचालिस हजार मात्र घाईते करीमन राउत कम्करलाई भरी भराई दिन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(५) क्षतिपूर्ती शुल्क रु.१०,६२६/- अक्षेरेपी दस हजार छ सय छब्बिस मात्र ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) बमोजिम घाईतेको उपचारमा भएको खर्च रु.२४०,६४१/- र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(ख) बमोजिम घा खर्च वापत रु.२५,०००/- अक्षेरेपी पच्चिस हजार मात्र गरी जम्मा रु.२६५,६४१/- घाईते करीमन राउत कम्करलाई भरी भराई दिनु पर्ने रकम र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(५) क्षतिपूर्ती रकम रु.१०,६२६/- निज प्रतिवादीले र.नं.२७०/२०८१/१२/०७ बाट दाखिला गरेको रकम रु.३००,०००/- बाट रु.२६५,६४१/- घाईते करीमन राउत कम्करलाई भरी भराई दिनु, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(५) क्षतिपूर्ती रकम रु.१०,६२६/- कट्टी गर्नु र बाँकी रकम रु.२३,७३३/- प्रतिवादीलाई फिर्ता गर्न लेखा शाखा जिल्ला प्रशासन कार्यालय, पर्सालाई पत्र लेख्नु ---------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंज पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सा, कारागार कार्यालय, पर्सा र कारागार कार्यालय पर्सामा थुनामा रहेका प्रतिवादीलाई समेत दिनु------------------------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------१

गणेश अर्याल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ चैत्र महिना २५ गते सोमवार रोज २/ ने.सं. ११४५ चौलाथ्व दशमी, शुभम् ........